## राष्ट्रिय विकास समस्या समाधान समितिको २०७५ जेठ २१ मा बसेको ४२ औं बैठकले गरेका निर्णयहरु

१. मेलम्ची खानेपानी आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई लाभको निश्चित अंश उपलब्ध गराउने र यसबाट अन्य क्षेत्रमा पर्ने प्रभावलाई समेत दृष्टिगत गरी उपयुक्त सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका खानेपानी हेर्ने माननीय सदस्यको संयोजकत्वमा अर्थ र खानेपानी मन्त्रालयका सचिव तथा मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक सदस्य र आयोगका सम्बन्धित सहसचिव सदस्य सचिव रहने कार्यदलबाट २०७५ साउन मसान्त भित्रमा अध्ययन गराई प्राप्त हुने सुझावका आधारमा निर्णय लिने ।

२. तयारी बिष्फोटक पदार्थ आयात गर्न कुनै अबरोध नरहे पनि विष्फोटक पदार्थका लागि आबश्यक कच्चा पदार्थ आयातमा केही अबरोध रहने गरेकाले परराष्ट्र मन्त्रालय र उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारी तहमै भारतसँग वार्ता गरी यस्तो कच्चा पदार्थ आयातलाई २०७५ साउन मसान्त भित्रमा सहज बनाउने र नेपाली सेनाबाटै बिष्फोटक पदार्थ तयार गर्न लगाई विकास निर्माण कार्यमा यसको अभाव नहुने ब्यवस्था गर्ने ।

३. गरिव पहिचान हुन बाँकी रहेका जिल्लाहरुमा आ.ब. २०७५/७६ को वजेटमा घोषणा भए अनुरुप कार्यक्रम राखी २०७६ चैत्रसम्म सर्वेक्षण सम्पन्न गराउने । गरिव पहिचान भइसकेका जिल्लाहरुमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरुले कार्यक्रम संचालन गर्दा गरिव परिवारलाई लक्षित गरी क्षमता विकास तथा आयआर्जन लगायतका क्रियाकलापहरु र सेवा सुविधाहरु उपलब्ध गराउँदै जाने ।

४. सूचना तथा संचार प्रविधि मन्त्रालयले इन्टरनेटको पहूँच नभएका सबै स्थानीय तहमा आगामी दुइ बर्षभित्रमा पहूँच पुर्‍याइ स्थानीय तहको व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने आधार सिर्जना गर्ने ।

५. प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइएको अनुदान रकमबाट संचालित कार्यक्रमको प्रगति सम्बन्धित तहगत सरकारमा समीक्षा गरी वित्तीय तथा भौतिक प्रगति चौमासिक रुपमा तथा हासिल भएको नतिजा केन्द्रमा बार्षिक रुपमा लिनेगरी राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य बिषयगत मन्त्रालयहरुसँग समन्वय गरी २०७५ साउन मसान्तभित्रमा नतिजामूलक प्रतिवेदन प्रणालीको विकास गर्ने । यस्तो प्रतिवेदन सूचना प्रविधिमा आधारित गराई एउटै सफ्टवेयरमार्फत लिने ब्यवस्था गर्ने ।

६. राष्ट्रिय राजमार्ग तथा नगर र शहरी क्षेत्रमा नयाँ सडकहरुको डिजाइन, निर्माण र बिस्तार गर्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र उर्जा मन्त्रालयले समन्वय गरी राइट अफ् वे मा विद्युत् प्रसारण लाइन समेत निर्माण गर्न सकिने ब्यवस्था मिलाउने ।